जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १७१ पृष्ठः ४ | २०८२ कार्तिक १० गते सोमबार (Monday 27 October 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## सीएम सोनलको विश्वास मत अर्को हप्ता



मधेश प्रदेशका मुख्यमन्त्री ( सीएम) जितेन्द्र सोनलले अर्को हप्ताको मंगल अथवा बुधबार विश्वासको मत लिने भएका छन्। छठको बिदा मंगलबार सम्म रहेको र बुधबारदेखि भदवा (शुभकार्य निषेधित) तिथि रहेकोले अर्को हप्ताको मंगलबार अथवा बुधबार विश्वासको मत लिने सीएमका एकजना सहयोगीले जनाएका छन्। सीएम सोनलले विश्वासको मत लिएपछि मात्र मन्त्रिमण्डल विस्तार हुने उनले बताएका छन्। मन्त्रालयको संख्यागत टुंगो लागिसकेको छ ' उनले भने, तर मन्त्रालयको नाम टुंगो लाग्न बाँकी रहेको छ। सरकार गठनका लागि दलहरुबीच सहमति हुँदाको बखत नै जनता समाजवादी पार्टी (जसपा) नेपालले भौतिक विकास मन्त्रालय समेत ४ र जनमत पार्टीले अर्थ सहित ३ मन्त्रालय पाउने टुंगो लागिसकेको छ। माओवादी केन्द्रले उर्जा, सिँचाइ तथा खानेपानी सहित २ र नेकपा एसले उद्योग, वाणिज्य तथा पर्यटन

–बाँकी तीन पेजमा

## कार्तिक शुक्ल पञ्चमी : छठका बर्तालु बसे निर्जल उपवास



जनकपुर, ९ कार्तिक। छठ पर्वको दोस्रो दिन आज बर्तालुहरु पानी पनि नखाइ व्रत बसेका छन्। यसलाई निर्जल उपवास भनिन्छ। कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी चोखो खाएर बसेका बर्तालुले दोस्रो अर्थात् कार्तिक शुक्ल पञ्चमीका दिनमा आज निर्जल उपवास बसेका हुन्। यस दिन बेलुकी घरमा खीर बनाइ चन्द्रमालाई अर्पण गरी एक छाक खाइन्छ। यसलाई खरना' भन्ने गरिएको छ। नदी, छठी माता र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइने चार दिने छठ पर्व शनिबारदेखि सुरु भएको हो। कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म नदी, छठी माता र सूर्यदेवको पूजा आराधना गरी मनाइने छठ पर्व राजधानीलगायत मधेश प्रदेशका जिल्लामा हर्षोल्लासपूर्वक मनाइन्छ।

मनोकाङ्क्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन्।

–बाँकी तीन पेजमा

## क्षतिग्रस्त सिंहदरबारका भवनमा रङरोगन, जलेका रुखहरूले हाल्दैछन् पालुवा

काठमाडौँ, ९ कार्तिक। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा सिंहदरबारमा आगलागी हुँदा जलेका भवन र क्षतिग्रस्त संरचनाहरूको क्रमिक रुपमा सरसफाइ भइरहेको छ। परिसरका जलेका रुखहरूले पनि पालुवा हाल्न थालेससँगै सिंहदरबारको वातावरण क्रमशः सामान्यीकरण हुँदै गएको छ। आन्दोलनकै क्रममा भएको आगजनी र तोडफोडका कारण बिद्रुप बनेको सिंहदरबारमा विकास मन्त्रालयमातहतको सघीय सचिवालय तथा व्यवस्थापन कार्यालयले सरसफाइपछि अहिले उक्त दिनको घटनाले झस्काउने खालको अवस्थाबाट क्रमशः सहज अवस्थामा उन्मुख भएको देखिएको छ। नेपाल सरकारको २०७५ पुस १८ गतेको मन्त्रिपरिषद्को निर्णयबाट बुटिक सिंहदरबारमा रूपमा रूपान्तरित सिंहदरबार परिसरमा भदौ २४ गतेको आगजनी र तोडफोडबाट क्षतिग्रस्त भएपछि त्यहाँ सरसफाइको क्रम जारी छ। सहरी विकास मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले आगलागी र तोडफोडबाट भएका क्षतिको विवरण सम्बन्धित मन्त्रालयबाट माग गरिएको र अहिलेसम्म प्राप्त नभएको बताए। उनले क्षतिको विवरण आएपछि पुनः निर्माणलगायतका विषयमा सरकारले निर्णय गर्ने जानकारी दिए। आन्दोलनका क्रममा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित अधिकांश संरचना र पार्किङमा रहेका सवारीसाधनमा एकैसाथ आगलागी भएको थियो।

–बाँकी तीन पेजमा

## खरनासँगै मिथिलाञ्चलमा सामा चकेवा पर्व सुरु



जनकपुर, ९ कार्तिक। छठ पर्वको खरना अर्थात् कात्तिक शुक्ल पञ्चमीका दिनदेखि मिथिलाञ्चलमा सामा–चकेवा पर्व मनाउन सुरु गरिन्छ। करिब दस दिनसम्म चल्ने यो पर्व दिदीबहिनी र दाजुभाइबिचको अमर प्रेम, सद्भाव र आपसी समर्पणको प्रतीक मानिन्छ। स्कन्दपुराणमा उल्लेख भएअनुसार, भगवान् श्रीकृष्णकी छोरी श्यामा र उनका दाजु साम्बसँग सम्बन्धित पौराणिक कथा यस पर्वको मूलमा रहेको छ। झुटो आरोपका कारण चरामा परिणत भएकी सामालाई भाइ साम्बले तपस्या गरी उद्धार गरेपछि दिदीबहिनीहरूले दाजुभाइको दीर्घायु र कल्याणको कामना गर्दै यो पर्व मनाउन थालेको धार्मिक विश्वास छ।

यो पर्वको प्रारम्भमा दिदीबहिनीहरूले खेतबाट चोखो माटो ल्याएर सामा, चकेवा, चुगला,

–बाँकी तीन पेजमा




**मानसिक स्वास्थ्य प्रति सचेत बनौं**

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- पसिना आउनु,
- गहिरो निद्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन्।

**मानसिक समस्या निदानको लागिः**

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

**"स्वस्थ मन, सुखी जीवन"**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सडकको असन्तुष्टिलाई सदनबाट संस्थागत गरौं

लोकतन्त्रको मेरुदण्ड नै जनताको मत हो। आन्दोलन र निर्वाचन–यी दुई माध्यम नै जनताले आफ्नो आकांक्षा र असन्तुष्टि अभिव्यक्त गर्ने मुख्य बाटा हुन्। सडकमा उठेको आवाज, नारा र असन्तुष्टि केवल प्रतीक हुन् त्र त्यसलाई दीगो र संस्थागत परिवर्तनमा रूपान्तरण गर्न निर्वाचन नै एकमात्र वैधानिक र प्रभावकारी माध्यम हो। भदौमा सुरु भएको जेन–जी आन्दोलनले मुलुकको राजनीतिक, सामाजिक र आर्थिक अवस्थाप्रति असन्तुष्टि प्रकट गऱ्यो। भ्रष्टाचार, अवसरवाद र असमानताविरुद्ध उत्रिएका युवाहरूले नयाँ सोच र सुधारको माग गरे। उनीहरूको असन्तुष्टि केवल सडकमा चिच्याएर अन्त्य हुनु हुँदैन। त्यसलाई संस्थागत गर्न अब सबै सचेत नागरिकले आगामी निर्वाचनमा सहभागी भएर लोकतान्त्रिक बाटो अवलम्बन गर्नुपर्छ। २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन हुँदैछ।

यो केवल सामान्य निर्वाचन होइन , विशेष परिस्थिति र चुनौतीका बीचमा हुँदैछ। जेन–जी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले संसद् विघटन गरेर देशलाई नयाँ राजनीतिक चरणमा पुऱ्याएको छ। अब त्यो आन्दोलनका मागहरूलाई नीतिगत रूपमा संस्थागत गर्ने अवसर यही निर्वाचनले दिन सक्छ। निर्वाचनमा भाग लिनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्नु पहिलो र अनिवार्य कदम हो। निर्वाचन आयोगले ९ असोजदेखि नाम दर्ता अभियान सुरु गरेको छ। हालसम्म ७० हजारभन्दा बढी नयाँ मतदाता सूचीकृत भइसकेका छन्। सरकारले अध्यादेशमार्फत समय विस्तार गरेर छुटेका युवाहरुलाई पनि नाम दर्ता गर्न अवसर दिएको छ। यस विशेष व्यवस्थाको सदुपयोग गर्नु हाम्रा लागि लोकतान्त्रिक जिम्मेवारी हो।

मतदाता बन्नु केवल कानुनी प्रक्रिया होइन , यो नागरिकको संवैधानिक र लोकतान्त्रिक अधिकार हो। संसारका धेरै मुलुकमा नागरिकले यस्तो अधिकार पाएका छैनन्। नेपालका नागरिक भाग्यमानी छन् — उनीहरू आफ्नो विवेक प्रयोग गरेर राज्यको नीति र नेतृत्व चयन गर्न सक्छन्। त्यसैले प्रत्येक सचेत नागरिकले आफ्नो नाम मतदाता सूचीमा दर्ता गरी मतदानमा सहभागी हुनु अनिवार्य छ। जेन–जी आन्दोलनले परम्परागत पार्टी प्रणाली र शासनशैलीप्रति असन्तुष्टि प्रकट गरेको थियो। त्यसले नयाँ पुस्ताको आवाजलाई राष्ट्रिय राजनीतिक एजेन्डामा पुऱ्यायो। अब त्यो आन्दोलनको शक्ति मतपेटिकामा केन्द्रित हुनुपर्छ। आन्दोलनले परिवर्तनको चाहना जगायो त्र निर्वाचनले त्यस परिवर्तनलाई व्यवहारमा उतार्छ।

जेन–जीसँग अहिले दुई स्पष्ट विकल्प छन्। पहिलो, संविधान र कानुनअनुसार योग्यता पुगेका व्यक्तिले उम्मेदवार बनेर प्रत्यक्ष रूपमा नेतृत्व लिन सक्छन्। यस्तो कदमले उनीहरूलाई संसद् र राज्यसंरचनाभित्रबाट सुधारका नीति निर्माण गर्न सक्षम बनाउँछ। दोस्रो विकल्प हो—विवेकी र जिम्मेवार मतदाताका रूपमा योग्य, इमानदार र जनभावनालाई प्रतिनिधित्व गर्ने उम्मेदवार छान्नु। दुबै विकल्पले परिवर्तनको बाटो खुला गर्छ।

सही मतदाताले मात्र सही प्रतिनिधि चुन्छ। विवेकपूर्ण मतदानले मात्र देशको दिशा बदल्न सक्छ। त्यसैले मतदान गर्ने सोचलाई केवल दायित्व होइन, अवसरका रूपमा लिनुपर्छ। निर्वाचन केवल उमेदवारको प्रतिस्पर्धा होइन त्र यो राष्ट्रको भविष्य, नीति र शासनशैली निर्धारण गर्ने प्रक्रिया हो। निर्वाचन लोकतन्त्रको आत्मा हो। यसले नागरिकलाई सरकार बनाउने र पथप्रदर्शन गर्ने अवसर दिन्छ। मतदाताको निष्क्रियता लोकतन्त्रको कमजोरी हो। त्यसैले असन्तुष्टिको आवाजलाई केवल सडकमा सीमित नराखी, सदनसम्म पुऱ्याउने बाटो मतपेटिकाबाट खोज्नुपर्छ। २१ फागुनको निर्वाचनले मुलुकलाई नयाँ दिशातर्फ लैजान सक्छ। यदि सचेत नागरिक, विशेष गरी जेन–जी पुस्ता, सक्रिय भएर सहभागी भए भने यो निर्वाचन केवल कर्मकाण्डी होइन, ऐतिहासिक रूपान्तरणको आधार बन्न सक्छ। सडकमा बोलेका नारा र असन्तुष्टि सदनमा नीति बन्न सक्छन्।

त्यसैले अबको आवश्यकता स्पष्ट छ।

मतदाता नामावलीमा नाम दर्ता गरौं , मतदानको तयारी गरौं , विवेकपूर्ण निर्णय गरौं। योग्य उम्मेदवारलाई चुनी देशको शासन प्रणालीलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाऔं। असन्तुष्टिको आवाजलाई अब सदनसम्म पुऱ्याऔं। लोकतन्त्रको बल नागरिकको सक्रियतामा निहित हुन्छ। नागरिकको विवेक नै मुलुकको भाग्य हो। त्यसैले सबै नागरिक, विशेष गरी युवापुस्ता, जागौं — मतदाता बनौं, मतदान गरौं र सडकको असन्तुष्टिलाई सदनबाट संस्थागत गरौं। यही हो देशको स्थायित्व, सुधार र समृद्धिको मार्ग।

# कसरी सुधार्ने सार्वजनिक यातायात प्रणाली ?

**आशिष गजुरेल**

सरकारले पछिल्ला केही वर्षदेखि सडक चौडा, अन्डरपास, ओभरपास, लाई–ओभर, सुरुङ सुधार र विस्तार कार्यलाई प्राथमिकतामा राखेको छ। राजधानीका सडकहरूका ठूला–ठूला संरचना भत्काएर व्यापक सुधार ल्याउने प्रयास पनि गरिएको छ। यो कार्यले यातायात क्षेत्रमा सुधार त आएको छ, तर जुन रूपले यातायात व्यवस्थापन र सडक सुरक्षा हुनुपर्ने हो, त्यो भएको छैन। सार्वजनिक यातायात व्यवस्थित नहुँदा उपत्यकामा यातायातको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएको छ। बढ्दो सवारी र यात्रु संख्या, कमजोर संरचना, सडक प्रयोगकर्ताको लापरबाही र अवैज्ञानिक ट्राफिक व्यवस्थापनले यातायात प्रणाली नै दयनीय छ।

ठूलो संख्यामा उपत्यकाका यात्रुलाई सेवा दिनुपर्ने सार्वजनिक यातायातको स्थिति खराब छ। यस्तो बेला सरकारले अगाडि बढाएको सडक विस्तार तथा सुधार योजनाले आशातित परिणाम ल्याउन सक्दैनन्। सडक चौडासँगै सार्वजनिक यातायात विकास पनि अघि बढाइएको भए आज राजधानीको यातायात व्यवस्थापनमा उल्लेख्य सुधार आउने थियो। सडकको अवस्था राम्रो हुनुले सवारी चलाउन मात्रै सजिलो हुँदैन, त्यो भनेको कम इन्धन खपत र सवारी जाम कम हुनु पनि हो। सर्वसाधारण यात्रुले सार्वजनिक यातायातमा भोगनुपरेको दुर्दशामा कुनै पनि सुधार आएको छैन। सडक चौडा त पारियो, तर सार्वजनिक यातायातमा सुधार गरिएन। हरेक वर्ष १०–१५ प्रतिशतको हाराहारीमा सवारी साधन बढ्यो, तर यातायातको सही व्यवस्थापन हुन सकेन। त्यसैले सडक जाम पहिलेभन्दा झन् बढ्यो र सडक दुर्घटनामा झन् वृद्धि भयो।

बितेका तीन/चार वर्षमा उपत्यकामा सडक विस्तार तथा सुधारका लागि अर्बौं खर्च भइसकेको छ, हजारौं संरचना भत्काइएका छन्, तर सर्वसाधारण यात्रुका लागि यो कार्य कौवालाई बेल पाक्यो हर्ष न विस्मात्' भएको छ। सार्वजनिक यातायात सुधारको स्पष्ट नीति नहुनु र यस्तो विषय सरकारको प्राथमिकतामा नपर्नु जनताकै दुर्भाग्य हो। सरकारका जिम्मेवार निकायले यस्ता गम्भीर विषयमाथि बेवास्ता गर्दा सर्वसाधारणले कहिलेसम्म सार्वजनिक यातायातमा सास्ती भोग्नुपर्ने हो ? थाहा छैन र सार्वजनिक यातायातका यात्रु बाध्य भएर दुःख सहँदै यात्रा गर्न विवश छन्।

हाम्रा कुनै पनि सडक स्तरीय छैनन्। काठमाडौं–मुग्लिन–नारायणगढ सडक खण्ड त कहिल्यै व्यवस्थित भएन भने अन्य सडकको कुरै नगरौं। कर्णाली राजमार्ग, कोशी राजमार्गलगायत कुनै पनि राजमार्गको स्थिति ठीक छैन। काठमाडौं वा काठमाडौंबाहिर चल्ने सवारी



साधन कन्डिसन' मा छन् कि छैनन् ? त्यो पनि थाहा छैन।

**यातायातका मूल चुनौती**

ट्राफिक जाम र पार्किङ समस्या, सार्वजनिक यातायातको अस्तव्यस्तता, सडकको दुरवस्था, कष्टकर यात्रा, मनोमानी ढंगले सवारी साधन सञ्चालन, तिनको व्यवस्थापनमा समस्या, खर्चिलो मर्मतसम्भार, बढ्दो वातावरणीय प्रभाव र इन्धन खपत, बढ्दो दुर्घटना जस्ता चुनौती यातायात क्षेत्रमा देखिएका छन्। नेपालका सडकहरू निजी सवारी साधनलाई दृष्टिकोणमा राखेर निर्माण गरिएका छन्। सहरमा निर्माण हुने संरचना पनि सर्वसाधारणमैत्री हुन सकेको छैन। योजना तर्जुमा तथा कार्यान्वयनमा जहिल्यै माथिल्लो वर्गका व्यक्ति हाबी हुनुले निम्न वर्गका आवाज सधैं बेवास्ता गरिन्छ। नारायणगढ–मुग्लिन ३६ किमि सडकको ४ पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न हुन नसकेको उदाहरण हामीसँगै छ।

सार्वजनिक यातायातको दुरवस्थाबारे न उच्च तहका राजनीतिक नेता गम्भीर छन् न माथिल्लो तहका नीति निर्माता नै। विकसित देशहरूका उच्च ओहदाका व्यक्तिले निर्धक्क सार्वजनिक यातायातका साधन प्रयोग गरेका थुप्रै उदाहरण छन्, जसकारण ती देशमा सार्वजनिक यातायातले महत्त्व पाएको छ। नेपालमा पनि यस्तो हुने हो भने सार्वजनिक यातायात सुधारको वातावरण बन्ने थियो। नेपालमा सार्वजनिक यातायातको संख्या कुल सवारीको करिब ४ प्रतिशत मात्रै छ। ६५ लाख दर्ता भएका कुल सवारी साधनमा सार्वजनिक यातायात करिब २ लाख ५० हजार मात्रै छ। धेरै यात्रु बोक्ने सार्वजनिक बसको संख्या जम्मा ७० हजार हो।

२ लाख ५० हजारमध्ये आधा इ. रिक्सा हो। यो अनुपातबाटै अनुमान गर्न सक्छौं– सार्वजनिक यातायात व्यवस्थित छैन। राज्यको न्यून लगानी रहेको सार्वजनिक यातायातमा निजी क्षेत्रबाटै यति व्यवस्थापन हुनु चानचुने विषय होइन। काठमाण्डौं जस्तो ४० लाख जनसंख्या भएको राजधानीमा समेत पर्याप्त सार्वजनिक यातायात छैन। काठमाडौं उपत्यकामा लगभग ट्याक्सीसहित २५ हजार सार्वजनिक सवारी संख्या सञ्चालनमा छ। निजी क्षेत्रको लगानी र नियन्त्रणमा रहेको हुँदा यात्रु पुग्ने समयबाहेक अन्य समय कम सार्वजनिक सवारी चल्छन्। निजी क्षेत्रले सेवाभन्दा नाफा कमाउने रणनीतिले सार्वजनिक यातायात सञ्चालन गरेका छन्। जनमानसमा नेपालको सार्वजनिक यातायात असुरक्षित, अव्यवस्थित र अस्तव्यस्त छ भन्ने बुझाइ छ। नेपालीहरूले दुःख पाइन्छ भन्ने सोचले सकिनसकी निजी सवारी किन्ने गरेका छन्। निजी सवारीको अत्यधिक प्रयोगले ट्राफिक जाम, सडक दुर्घटना बढिरहेको छ। सार्वजनिक यातायात सुधार भए निजी सवारीमा मानिसको आकर्षण घट्ने थियो।

**सुधारका सूत्र**

सुधारका लागि सार्वजनिक यातायातलाई सेवा' भनेर परिभाषित गर्नुपर्छ। निजी र राज्यको लगानीसहित राज्यको पूर्ण नियन्त्रणमा सार्वजनिक यातायात व्यवस्थापन गर्नुपर्छ। सार्वजनिक यातायात प्रविधिमैत्री हुनुपर्छ। पहिलो : सार्वजनिक यातायातमा राज्यको पनि लगानी हुनुपर्छ। ७५३ स्थानीय सरकारबाट स्थानीय तहको क्लस्टर बनाई सार्वजनिक यातायात कम्पनी बनाउनुपर्छ। जस्तै काठमाडौं, ललितपुर र भक्तपुरका स्थानीय तहको एउटै क्लस्टर हुन सक्छ। त्यसमा राज्य र निजी क्षेत्रको लगानीसहित एकीकृत योजना, एकीकृत रुट सिस्टम, एकीकृत समयतालिका र एकीकृत टिकटिङ सिस्टममा सार्वजनिक यातायात सञ्चालनको मोडालिटी बनाउनुपर्छ। सार्वजनिक यातायात एउटै छातामुनि आउनुपर्छ। सार्वजनिक–निजी साझेदारी ( पीपीपी) मोडेल ल्याउनुपर्छ।

दोस्रो : सार्वजनिक यातायातको भाडा तिर्न नगद प्रयोग गरिन्छ। यसले सार्वजनिक यातायातलाई ढिला र सुस्त बनाएको छ। डिजिटल भुक्तानी हुने प्रबन्ध मिलाए त्यो समस्या हल हुन सक्छ। दिन, हप्ता वा वार्षिक टिकट कार्ड, चार्ज गर्न मिल्ने कार्ड र चार्ज मेसिनको सुविधा, मोबाइल फोनबाट भाडा तिर्न मिल्ने व्यवस्था मिलाए समस्या समाधान हुन्छ। तेस्रो : सबै सार्वजनिक यातायातलाई रुट अनुसारको नम्बर दिनुपर्छ। सो नम्बर हरेक बसमा लेखिनुपर्छ। नम्बर अनुसारको समयतालिका र रुटमा पर्ने बस बिसौनीको जानकारी हरेक बस बिसौनी र बसभित्रै डिजिटल माध्यमबाट गराउनुपर्छ।

चौथो : लामा दूरीको बस व्यवस्थापनको सम्बन्धमा टिकट बिक्री पूर्णरूपमा अनलाइन गर्ने। यसबाट टिकट काउन्टर राख्ने झन्झट हुँदैन। कुनै यात्रु बीचबाट चढेमा क्यू.आर. वा बैंकमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने।

पाँचौं : नेपालमा क्यू.आर. कोडबाट भुक्तानी धेरै ठाउँमा हुने गरेको छ, अब सार्वजनिक यातायातको सूचना प्रणाली र भुक्तानी डिजिटल बनाउनैपर्छ। टिकट खरिद र पैसा साट्न लाग्ने समयले हाम्रो सार्वजनिक यातायातलाई ढिलासुस्ती बनाएको छ। सेवा प्रदायक संस्थासँग सम्झौता गरी सार्वजनिक यातायात सञ्चालकले यस्ता सुविधा दिन सक्छन्। यसका लागि सेवा प्रदायकलाई न्यून शुल्क दिन सकिन्छ। सार्वजनिक यातायात सेवा हो, पैसा कमाउने व्यवसाय होइन' भन्ने अवधारणा अनुसार राज्यले यातायातमा सुधार थालनी गर्नुपर्छ। जेन–जीको देश–सुधारको धारणा सार्वजनिक यातायात सुधारबिना सम्भवै छैन।

# ताल तलैयामा पाहुना चराको चहलपहल

काठमाडौं, ९ कार्तिक। जाडो छल्नका लागि साइबेरियालगायत क्षेत्रबाट कञ्चनपुर–कैलालीका सीमसार, नदी तथा ताल तलैयामा हिउँदे पाहुना चरा पुग्ने क्रम सुरु भएको छ। उत्तरी क्षेत्रका हिमाल छिचोल्दै लामो दूरी तय गरेर पुग्न थालेका पाहुना चराका कारण सीमसार क्षेत्र र तालतलैयामा चहलपहल बढ्न थालेको छ। उत्तरी गोलार्द्धमा अत्यधिक चिसो बढ्न थालेपछि प्रत्येक वर्ष पाहुना चरा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रका तालतलैया, सीमसार क्षेत्रसँगै त्यसको बाह्य क्षेत्रमा रहेका नदी, तालतलैयामा बसाइँ सरेर आइपुग्ने गरेका छन्।

वर्षा सकिएर चिसो मौसम सुरु भएपछि सिमसार क्षेत्रहरूमा साइबेरिया, कीर्गिस्तान, उत्तरी चीन, तिब्बत र मङ्गोलियालगायतका ठाउँबाट पाहुना चराहरू पुग्न थालेको नेपाल पन्छी संरक्षण सघका वरिष्ठ चराविज्ञ हिरुलाल डगौराले बताए। ती क्षेत्रमा माइनस डिग्री तापक्रम पुगेपछि चराहरू जाडो छल्नका यहाँका तालतलैया र सीमसार क्षेत्रमा प्रत्येक वर्ष पुग्ने गरेका छन्', उनले भने।

वरिष्ठ चराविज्ञ डगौराका अनुसार कञ्चनपुरको पुरैनी ताल,

**–बाँकी तीन पेजमा**

## सीएम सोनलका...

मन्त्रालय पाउने पनि टुंगो लागिसकेको छ।

लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)ले पनि १ मन्त्रालय पाउने निश्चित छ। अन्य मन्त्रालयहरु दलको संख्याको आधारमा छुट्याइने बताइएको छ। सत्ता साझेदार दलहरुको शुक्रबार रौतहट जिल्लाको चन्द्रपुरमा भएको बैठकमा छठपछि विश्वासको मत लिने र मन्त्रिमण्डल विस्तार गर्ने सहमति भएको जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले बताएका छन्। सत्तासाझेदार दलहरुबीच पहिले विश्वासको मत लिने र त्यसपछि मन्त्रिमण्डल विस्तार गर्ने सहमति भएको छ' उनले भने, मुख्यमन्त्रीले अन्य प्रक्रियाहरु मिलाउने छन्। बैठकमा सरकार सञ्चालनका लागि संयन्त्र बनाउने विषयमा छलफल हुने भनिएपनि त्यो विषयले प्रवेश नपाएको यादवले जनाए। सरकारलाई समर्थन गर्ने साना दलहरुलाई पनि सरकारमा समावेश गर्ने विषयमा छलफल भएपनि टुंगो लाग्न बाँकी रहेको उनले बताए। मधेश प्रदेश सभामा ३ दलका १/१ जना सभासद छन्। उनीहरुले पनि सीएम सोनललाई विश्वासको मत दिने आश्वासन दिएको लोसपाका मधेश प्रदेश सचिव विनोद कुमार चौधरी (पप्पु)ले जनाएका छन्।

जसपा नेपालका सभासद मनिष सुमनले मन्त्रालयको संख्यामा विवाद नरहेकोले विभागमा विवाद नहुने बताएका छन्। कांग्रेस र एमाले इतरका दलहरु मिलेर सरकार बनाउन आवश्यक थियो' उनले भने, त्यसमा सफलता मिलेकोले अन्य विषयहरुमा विवाद आउने छैन। सीएमका लागि सोनलले ५७ जना सभासदको हस्ताक्षर पेश गरेका छन्। तर त्यस मध्ये जसपा नेपालका एकजना सभासद सरोज कुमार सिंह कुशवाहा निलम्बनमा परेका छन्। जनमत पार्टीबाट २ जना सभासद निवर्तमान मुख्यमन्त्री सतीश कुमार सिंह र त्रिभुवन साहले जनस्वराज पार्टीमा रहने सनाखत गरेका छन्। १ जना नागरिक उन्मुक्ति पार्टीकी सदस्य छन्। मधेश प्रदेशमा कुल १ सय ७ जना सभासद रहेका छन्। सरकार गठनका लागि कम्तीमा ५४ जना सदस्यको समर्थन चाहिन्छ। विभाजित जनमतका सिंह र साहले सरकारलाई विश्वासको मत नदिए १/१ जना सभासद रहेको दलहरुको बार्गेनिंग पावर' बढन सक्छ।

तीन दल मध्ये कम्तीमा एउटा दलका सभासदलाई मन्त्री बनाउनै पर्ने बाध्यात्मक स्थिति आउन सक्छ। विश्वासको मत अगावै एक सदस्य रहेको नागरिक उन्मुक्ति पार्टीकी सभासदले सरकार बनाउन समर्थन दिएकाले उनलाई विश्वासको मत लिनु अगावै मन्त्रालय तोक्नुपर्ने अवस्था आउन सक्छ। १/१ जना सभासद भएका मध्येबाट विश्वासको मत अनिवार्य भए लोसपाको भागमा रहेको मन्त्रालय नै दिनुपर्ने बताइएको छ। सीएम रहेको दलका लागि मन्त्रालय आवश्यक नभएको तर्क सत्ता घटक दलका नेताहरुले गरेका छन्।

जनमत पार्टीबाट पुरानो अनुहार महेश प्रसाद यादव मन्त्री भइसकेकाले अन्य दलहरुबाट समेत पुराना र नयाँ अनुहार सरकारमा पठाइनेछ। दलहरुले मन्त्रीको नाम मुख्यमन्त्रीलाई पठाइसकेको छैन। सत्ता साझेदार दलका सभासदहरु मन्त्री बन्न दौडादौडमा छन्। मन्त्री बनेका जनमतका यादव र एसका कनिष पटेललाई विभाग दिएको छैन। उनीहरुले पनि विश्वासको मत सीएमले लिएपछि मात्र मन्त्रालय पाउने छन्। यद्यपि जनमतका यादव अर्थ र एसका पटेल उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय पाउने छन्। तर जनमतबाट छुटेका सिंह र साहले सरकारलाई समर्थन दिए त्यो अवस्था रहने छैन। सरकारलाई चाहिने सम्मानजनक बहुमत पुग्ने छ।

निलम्बनमा परेको कारण १ जना सदस्यको संख्या घटेकाले विश्वासको मतमा सिंह र साहको समर्थन सहित ५६ जना पुग्नेछ। सिंह र साहले समर्थन गर्ने संभावना बलियो रहेको गठबन्धनका एकजना सभासदले जनाए। सरकार गठनका लागि सोनलले पेश गरेको दाबीमा सिंह र साहको गणना समेत गरिएको छ।

## कार्तिक शुक्ल...

विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडी जिल्लामा पनि मनाउन थालिएको छ। यस क्षेत्रका मानिसले पनि कुनै न कुनै रुपमा सूर्यदेवको पूजा, आराधना गर्ने गरेकाले कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्मको विशेष अवधिमा पनि सूर्यदेवको पूजा, आराधना गर्न थालेका हुन्।

विसं २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिन थालेको हो। विसं २०६३ पछि भने काठमाडौँको थापाथली, पशुपति क्षेत्रस्थित गुह्येश्वरीबाट गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्वका साथ यो पर्व मनाउन थालियो।

रानीपोखरीमा भूकम्पपछिको पुनःनिर्माण सकिएदेखि हाल छठ मनाइँदैन। यसअघिदेखि नै बाग्मती र विष्णुमती नदीकिनारमा छठ मनाउने चलन सुरु भएको थियो। राजधानीका नागपोखरी, गहनापोखरीलगायत जलाशयमा पनि छठ मनाउने गरिएको छ। छठको मुख्य दिन अर्थात् कार्तिक शुक्ल षष्ठीका दिन पक्वान्न, फलफूल, उखु र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ। साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गाइन्छ। डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ। अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताउन चलन छ।

सप्तमीका दिन उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान चारबजेदेखि नै प्रतीक्षा गरिन्छ। उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ। यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट' भनिन्छ। कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवम् नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताए।

राजधानीमा गुह्येश्वरीबाट गौरीघाटको बाग्मती किनारमा छठ घाट निर्माण अन्तिम चरणमा पुगेको गुह्येश्वरी छठ पूजा समितिले जनाएको छ। यसैगरी कमलपोखरीमा पनि छठको तयारी भइरहेको छ। दुवै स्थानमा कात्तिक १० गते बेलुकी राष्ट्रपति रामचन्द्र पौडेलले विशेष पूजा एवं छठ पर्व अवलोकन गर्नुहुने कार्यक्रम रहेको छ। यस वर्ष कात्तिक १० गते सोमबार बेलुकी अस्ताउँदो र कात्तिक ११ गते मङ्गलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइने कार्यक्रम रहेको समितिले जनाएको छ । छठ बर्तालु भने कार्तिक शुक्ल षष्ठीको रातभर नदी किनारमै जाग्राम बस्छन्।

## क्षतिग्रस्त...

आगलागीबाट कार्यालय परिसरका रुख बिरुवामा डढ्न पुगेकामा अहिले क्रमशः पालुवा पलाउन थालेको देखिएको छ। वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकालले सिंहदरबारभित्र कति रुख बिरुवा छन् भन्ने यकिन नभए पनि आगलागीबाट प्रभावित रुखबिरुवा र भुइँको फोहर सरसफाइको क्रम लगभग सकिएको बताए। आन्दोलनका क्रममा सिंहदरबारमा रहेका सरकारी र निजी गरी एक हजारभन्दा सवारीसाधन जलेका थिए। ती सवारी साधनलाई नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (सघीय संसद् भवन) मा लगेर राखिएको छ। यद्यपि, त्यो भवनमा पनि आन्दोलनबाट पूर्णतः ध्वस्त भएको छ।

सिंहदरबारस्थित सघीय निर्माणाधीन संसद् भवनमा शनिबार सहरी विकासमन्त्री कुलमान घिसिङले निरीक्षण गरी आसपासमा देखिएको फोहरलाई थप सरसफाइ गर्न निर्देशन दिएका थिए। सवारीसाधन थलेका भुइँमा अहिले पनि काला दाग देख्न सकिन्छ भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पालले छापेर राखिएको छ। सरकारले आन्दोलनका क्रममा भएका भौतिक क्षतिको विवरण सङ्कलन गर्दैछ भने आन्दोलनमा भएका जनधनको क्षतिको छानबिनका लागि गठित जाँचबुझ आयोगले कार्यारम्भ गरिसकेको छ। पुरातात्त्विक महत्त्व राख्ने सिंहदरबारलाई हरियाली बनाउने र पुरातात्त्विक महत्वका सामग्रीले सजिसजाउ गर्ने सरकारको २०७६ सालदेखिको पहलको एउटा चक्र पूरा भएका बेला आन्दोलन र आगलागीबाट क्षति पुगेपछि सिंहदरबारको स्वरुप विरुप हुन पुगेको छ। सरकारले आगलागी भएका मन्त्रालयका भवनको बाहिरी स्वरूपमा रङरोगन गरिरहेको छ भने अस्थायी रुपमा विभिन्न मन्त्रालयका काम नजलेका भवनबाट सञ्चालन गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गृह मन्त्रालयको पुरानो भवनस्थलको नयाँ कार्यालयबाट सञ्चालन भएको छ भने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगैको भवनबाट गृह मन्त्रालय सञ्चालित छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय केशरमहलस्थित भवनबाट सञ्चालित छ।नेपालको कूल क्षेत्रफलको करिब ४६ दशमलव ८ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको छ।

वन मन्त्रालयले हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकूलित हुने दायित्व सिर्जना गरी मुलुकको समष्टिगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्न पहल गर्दै आएको छ।

तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो निजी निवासका रूपमा सन् १९०३ मा सिंहदरबार बनाउन लगाएका थिए।राणा शासनको अन्त्य भएपछि सिंहदरबारमा नेपाल सरकारको कार्यालय थालिएको थियो। विसं २०३० मा सिंहदरबारमा भएको ठुलो आगलागीबाट पनि त्यहाँ क्षति पुगेको थियो। सिंहदरबारको यो भवन युरोपेली शैलीमा बनेको छ। यसको भित्ताहरूमा सिकार गरिएका जनावर तथा युरोपेली शैलीका चित्रकलाहरूले सजाएका थिए।

## खरनासँगै...

सतभैया, वृन्दावन लगायतका पात्रहरूको मूर्ति बनाउँछन्। साँझपख टोकरीमा ती मूर्तिहरू राखी बिचमा दियो बाल्दै सामूहिक रूपमा गीत, नृत्य र खेल प्रदर्शन गरिन्छ। अन्तिम दिन पूर्णिमाको रातमा मूर्तिहरूलाई विसर्जन गरी पर्व सम्पन्न गरिन्छ। सामा–चकेवा पर्वले सत्य, पारिवारिक एकता र सामाजिक सद्भावको सन्देश दिने मात्र होइन, मिथिलाञ्चलको लोककला र परम्परागत हस्तकलालाई पनि जीवित राखेको छ।

यस पर्वमा “चुगला” नामक पात्रको प्रतीकात्मक दहनमार्फत चुगली र झूटो आरोपजस्ता सामाजिक विकृतिहरूको विरोध गरिन्छ। हाल आधुनिक जीवनशैली र सहरीकरणका कारण यो लोकपर्व बिस्तारै लोप हुँदै गइरहेको चिन्ता व्यक्त गर्दै स्थानीय समुदाय र युवाहरू यसलाई पुनः स्थापनाको अभियानमा जुटेका छन्। विद्यालयस्तरका सांस्कृतिक कार्यक्रम, डिजिटल प्रचार र सामुदायिक प्रदर्शनमार्फत यस पर्वलाई पुनः जीवित पार्ने प्रयास भइरहेका छन्।

# सिँचाइका १२ रुग्ण ठेक्का तोडियो



काठमाडौँ, ९ कार्तिक। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, जनकपुरधामअन्तर्गत ठेक्का लिएर वर्षौंदेखि काम नगरी आयोजना अलपत्र पारिएका १२ ठेक्का तोडिएको छ। साविकको जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं २ जलेश्वर महोत्तरीअन्तर्गतका १२ रुग्ण ठेक्का तोडिएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, जनकपुरधामले जनाएको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका अनुसार शिव महिमा कन्स्ट्रक्सन, हलखोरी–७, महोत्तरी, सिद्धी साई प्रकाश कन्स्ट्रक्सन प्रालि, समाखुसी काठमाडौँ, हिमांशु/लोकस देव जेभी, सुविधानगर, काठमाडौँ, साईबाबा निर्माण सेवा, जनकपुर–७, धनुषा, शिवम कन्स्ट्रक्सन, जनकपुर–४, धनुषा, ब्रदर्स कन्स्ट्रक्सन, जलेश्वर, महोत्तरी र सुरेखा निर्माण सेवा, धबौली– ४, धनुषासँगका गरी १२ ठेक्का तोडिएको हो।

सूचनामा भनिएको छ, साविकको जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. २, जलेश्वर, महोत्तरीबाट मिति २०६१/०२/ १६ र मिति २०८१/०४/०१ को अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकमा तपसिल बमोजिमका ठेक्काहरू अन्त्य गर्ने आशयको सूचना प्रकाशन गरिए पनि निर्माण व्यवसायीहरूको तर्फबाट सम्झौताबमोजिमको कार्य सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारेको हुनाले उक्त कार्यालयबाट सम्झौता अन्त्य भएको निर्णय भएको हो। साविकको कार्यालयबाट पटकपटकको अनुरोध तथा सार्वजनिक सूचना जारी गर्दासमेत कार्य सुचारु गर्नेतर्फ कुनै ध्यान नदिएको हुँदा निर्माण सम्झौतामा उल्लेखित प्रावधानअनुसार कार्यसम्पादन जमानत जफत गर्ने कार्यवाही अगाडि बढिसकेको साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३ बमोजिम अन्य आवश्यक कार्यवाही अगाडि बढाउनको लागि सम्झौताबमोजिम हालसम्म सम्पन्न कार्यको नापजाँच एवं सम्पन्न हुन बाँकी कार्यको मूल्यांकन गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले १५ ( पन्द ) दिन भित्रमा यस आयोजना कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गराइन्छ। अन्यथा खरिद सम्झौता, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आवश्यक कार्यवाही अगाडि बढाइने बेहोरासमेत जानकारी गराइन्छ।'

## ताल तलैयामा...

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रको सिकारी ताल, महाकाली र चौधर नदी, र कैलालीको घोडाघोडी ताल, वसन्ता जैविक मार्ग, कर्णाली नदी तथा डडेल्धुराको आलितालसम्म चराको आगमन सुरु भइसकेको छ। बसाइँ सारेर आउनेमा अधिकांशमा हाँस प्रजातिका चरासँगै अन्य जलपन्छी र फिस्टे चरा रहेका छन्। तालतलैया, नदी र सीमसार क्षेत्रमा मालक हाँस, खरखसे हाँस, हरियो टाउके हाँस, सिन्दुरे हाँस, कैले टाउके हाँससहित जीवल फिस्टो, डुबुल्के, लालकण्ठे, झेकझेक भ्रयाप्सी, खैरो भद्राई, मोटोठाँडे र ट्याकट्याकेलगायत प्रजाति देखिने गरेको चराविज्ञ डगौरा बताउँछन्।

नेपालमा प्रत्येक वर्ष करिब एक सय बढी प्रजातिका चरा जाडो छल्नका बसाइँ सारेर आउने गरेका छन्। जसमा आधाभन्दा बढी हाँस प्रजातिका हुने गरेका छन्। कञ्चनपुर र कैलालीका तालतलैयामा मात्र करिब ३० देखि ५० प्रजातिका पाहुना चरा नियमित रूपमा आउने गर्छन्।

पछिल्ला केही वर्षमा बसाइँ सर्ने चराको सङ्ख्या घट्दो क्रममा रहेको चराविज्ञ डगौराको भनाइ छ। सीमसार क्षेत्रमा मानव अतिक्रमणसँगै प्राकृतिक तालतालैया माछापालनको कार्य हुन थालेपछि पछिल्ला वर्षहरूमा बसाइँ सारेर आउने पाहुना चराको सङ्ख्यामा गिरावट आउन थालेको उनले बताए। चराविज्ञ डगौराका अनुसार चराको दीर्घकालीन संरक्षणका लागि सीमसार क्षेत्रको व्यवस्थापन, जनचेतना अभिवृद्धि र स्थानीय समुदायको सहभागिता आवश्यक रहेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# ट्राफिक सचेतना कक्षा पुनः सञ्चालन हुँदै, शनिबार पनि क्लास सञ्चालन हुने




काठमाडौँ, ९ कार्तिक। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले कात्तिक ११ गतेदेखि ट्राफिक सचेतना कक्षा पुनः सञ्चालन गर्ने भएको छ। उपत्यकामा मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने, तीव्र गतिमा सवारी गुडाउने, रातो बत्ती तथा सडक लेन उल्लघन गरी कारबाहीमा परेका चालकहरूलाई लक्षित गरी ट्राफिक प्रहरी कार्यालय, रामशाहपथमा भौतिक रूपमा यो सचेतना कक्षा सञ्चालन गर्न लागिएको हो। सार्वजनिक बिदाको दिनबाहेक अन्य दिनहरूमा निम्न समय तालिकाअनुसार कक्षा सञ्चालन हुनेछन् :

०९:०० देखि १०:०० बजेसम्म
१०:३० देखि ११:३० बजेसम्म
१२:०० देखि १३:०० बजेसम्म
१३:३० देखि १४:३० बजेसम्म
१५:०० देखि १६:०० बजेसम्म

शुक्रबारको लागि विशेष समयः शुक्रबार भने १४:३० बजेसम्म मात्र कक्षा सञ्चालन हुनेछ। यसका साथै, कार्यालय समयमा उपस्थित हुन असहज हुने सेवाग्राहीहरूको सहजताका लागि अन्य सार्वजनिक बिदाको दिनबाहेक प्रत्येक शनिबार पनि कक्षा सञ्चालन हुनेछ। शनिबार बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म दुईवटा कक्षा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथमा सञ्चालन हुने जानकारी गराइएको छ।

# आगलागीका घटनामा वृद्धि, सावधानी अपनाउन आग्रह




काठमाडौँ, ९ कार्तिक। एकै दिन देशभर १४ आगलागीका घटना भएका छन्। पूर्वसावधानी तथा चेतना अभावमा देशव्यापी रूपमा आगलागीका घटनामा वृद्धि भएको तथ्याङ्क राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार पाँचथर, सुनसरी, सप्तरी, धनुषा, महोत्तरी, रौतहट, दोलखा, ललितपुर, नवलपुरपूर्व, रोल्पा, गुल्मी, रुकुमपश्चिम, कञ्चनपुर र दार्चुलामा एकै दिन अर्थात् कात्तिक ७ गते आगलागीका घटना घटेका छन्।

अधिकांश आगलागीका घटना असावधानीका कारण घटेको देखिन्छ।

प्राधिकरणका अनुसार कात्तिक ६ गते पनि १३ आगलागीका घटना भएका थिए। झापा, इलाम, सुनसरी, सङ्खुवासभा, धनुषा, महोत्तरी, सर्लाही, कैलाली, कालिकोट र पर्सामा दुई आगलागीका घटना घटेका थिए। यस्तै पाल्पामा तीन आगलागीका घटना घटेका थिए। कात्तिक ५ गते १७ आगलागीका घटना घटेका थिए। प्राधिकरणको उपलब्ध गराएको तीन दिनको विवरणमा अधिकांश विपद्का घटनामा आगलागी देखिएको छ। मनसुन सकिएर वर्षा हुन छाडेपछि देशव्यापी रूपमा आगलागीका घटनामा वृद्धि भएको देखिएको छ।

आगलागीबाट जोगिनका लागि विशेष सावधानी अपनाउनसमेत प्राधिकरणले आग्रह गरेको छ। कात्तिक ७ गते देशभर कुल १८ विपद्का घटना घटेका थिए। ती घटनामा परेर ६ जना घाइते भएका छन्। ती घटनामा परेर रु ७७ लाख ९१ हजार बराबरको अनुमानित क्षति भएको छ। यस्तै, सर्पदंशका दुई, पहिरो एक र चट्याङ, जनावर आक्रमणका एकएक घटना घटेका थिए।

# भैरहवामा एयर एसियाको पुनः उडान सुरु



काठमाडौँ, ९ कार्तिक। थाई एयर एसियाले भैरहवामा आजबाट पुनः उडान सुरु गरेको छ। गत चैतबाट रोकिएको उडान आजबाट पुनः सुरु भएको हो। सो एयरलाइन्सले आइतबार र बुधवार गरी साताम २ पटक बैंकक-भैरहवा-बैंकक उडान थालेको हो। थाई एयर एसियाको जहाज दिउँसो पौने १ बजे गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले संचारकर्मीलाई जानकारी दिए। आज १७ जना यात्रु लिएको आएको विमानले जाँदा १६७ यात्रु लिएर जाने तयारी गरेको उनले बताए।

आज लामो समयपछि फस्ट उडान भएका कारण आउँदा थोरै यात्रु आए पनि जाँदा धेरै भएको उनले बताए। थाइल्यान्डको बैंककबाट भैरहवा उडान गर्नको लागि एयर एसियाले गत असारमै अनुमति लिएर टिकट खुल्ला गरेको थियो। उडानका लागि टिकट बिक्री पनि राम्रो भएको एयरलाइन्सले जनाएको छ।

# नागरिक अधिकारको सम्मान गर्न आयोगको आग्रह, प्रदर्शनमा संयमता अपनाउन सुझाव



काठमाडौँ, ९ कार्तिक। राष्ट्रिय मानव अधिकार आयोगले देशमा विकसित राजनीतिक घटनाक्रमका बीच हुन लागेको प्रदर्शनबारे गम्भीर ध्यानाकर्षण जनाउँदै नागरिक अधिकारको सम्मान गर्न र संयमित रहन सबै पक्षलाई आग्रह गरेको छ। आयोगले शुक्रबार विज्ञप्ति जारी गर्दै शान्तिपूर्ण रूपमा भेला हुने, प्रदर्शन गर्ने, सभासम्मेलन गर्ने र आफ्ना माग राख्ने हरेक नागरिकको अधिकार सुनिश्चित गर्न राज्य जिम्मेवार हुने उल्लेख गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'शान्तिपूर्ण रूपमा भेला हुने, प्रदर्शन गर्ने तथा आफ्ना माग राख्ने अधिकार नागरिकको मौलिक हक हो। यस अधिकारको सम्मान र उपभोगको सहज वातावरण सिर्जना गर्नु राज्यको दायित्व हो।' आयोगले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नेपालको संविधानले नागरिकलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार दिएको स्मरण गराउँदै, प्रदर्शनको क्रममा नागरिक अधिकारमा अवरोध नआओस् भनी सरकारले आवश्यक तयारी गर्नुपर्ने बताएको छ। आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा विगतका केही आन्दोलनहरू हिंसात्मक बन्न पुगेको उदाहरण दिँदै आगामी प्रदर्शनहरू शान्तिपूर्ण बनाउन सरकार र प्रदर्शनकारी दुवै जिम्मेवार हुनुपर्ने उल्लेख छ। सुरक्षा निकायलाई संयमता, धैर्यता र विवेकपूर्ण व्यवहार अपनाउन आग्रह गर्दै आयोगले प्रदर्शनरत पक्षलाई पनि घृणायुक्त वा उत्तेजनापूर्ण अभिव्यक्ति नदिन, कानूनी सीमाभित्र रहेर माग राख्न सुझाव दिएको छ।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)